जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक ४४ २०८२ साल भदौ २३ गते सोमबार (8 Sep 2025 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको बर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : 'अदालतको आदेश कार्यान्वयन गरी... ३ पृष्ठमा : सुशासनका लागि ... ३ पृष्ठमा :शिकागोमाथि 'युद्ध' चेतावनी,...

## उच्च अदालतका पाँच कर्मचारी सम्मानित



**दैनिक समाचारदाता**
**राजविराज, २२ भदौ ।**

उच्च अदालत जनकपुर राजविराज इजलासले उत्कृष्ट ढंगले कार्यसम्पादन गरे वापत आफ्ना पाँच जना कर्मचारीलाई नगद पुरस्कारसहित सम्मान गरेको छ ।

निजामती कर्मचारी दिवसको अवसर पारेर उच्च अदालत जनकपुर राजविराज इजलासले वर्ष भरिमा उत्कृष्ट काम गर्ने आफ्ना पाँच जना कर्मचारीलाई आइतबार एक कार्यक्रमबीच सम्मान गरेको हो ।

सम्मानित हुनेहरूमा इजलास अधिकृत विष्णु नेपाली, नायब सुब्बाद्वय प्रल्हाद कार्की, माधव प्रसाद यादव, तामेलदार रामचन्द्र साह र कार्यालय सहयोगी पुटु कुमार सिंह रहेका छन् ।

कार्यक्रमका प्रमुख अतिथि अदालतका बरिष्ठतम् न्यायाधीश बामदेव ज्ञवालीले पाँचै जना कर्मचारीलाई जनही ५/५ हजार रूपियाँ नगदसहित सम्मानपत्र प्रदान गरेर सम्मान गरे ।

सो अवसरमा उनले परिश्रम तथा इमानदारीताका साथ काम गरि मुस्कानसहित सेवा दिने कर्मचारीलाई अदालतले जहिले पनि आदर र सम्मान गर्दै आएको र यसपल्ट पनि त्यसलाई निरन्तरता दिएको बताए ।

कार्यक्रममा अदालतका रजिष्टार लोकनाथ पराजुलीले इमानदारीपूर्वक काम गर्ने कर्मचारीको अदालतले उच्च मूल्यांकन गर्ने गरेको बताउँदै सबै कर्मचारीले आफूले पाएको जिम्मेवारी इमान्दारीपूर्वक पुरा गर्नुपर्नेमा जोड दिए ।

## खोला किनारमा महिला मृत फेला, टाउँकोमा चोट लागेका पुजारी मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २२ भदौ ।**

सप्तरीको छुट्टाछुट्टै स्थानमा शनिबार भएको घटनामा एक महिला खोला किनारमा मृत फेला परेकी छिन भने टाउँकोमा चोट लागेका पुजारीको उपचारका क्रममा मृत्यु भएको छ ।

जिल्लाको शम्भुनाथ नगरपालिका ७ स्थित खोलामा शनिबार एक महिला मृत अवस्थामा फेला परेकी छिन् ।

सो पालिका वडा नं. ७ भंगाहास्थित देवधार खोलाको पूर्व पट्टी काश घारीको किनारामा पहिचान नखुलेको तराई मुलुकको जस्तो देखिने ४०/४५ वर्षिया महिला मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै जिल्लाको कञ्चनरुप नगरपालिका ९ सुन्दरी पुलको छेउस्थित काली मन्दिरका पुजारीको मृत्यु भएको छ । नाम नखुलेका ७०/७५ वर्षिय ती पुजारी विगत ६/७ वर्षदेखी उक्त मन्दिरमा पुजारीको रुपमा कार्यरत थिए ।

शनिबार साँझ टाउँकोमा चोट लागेर लडिरहेको अवस्थामा स्थानीयले देखेपछी प्रहरीलाई खबर गरेका थिए । उपचारका लागि नगर अस्पताल कंचनपुरमा भर्ना गरेकोमा उपचारकै क्रममा उनको मृत्यु भएको इलाका प्रहरी कार्यालय कंचनपुरले जनाएको छ ।

मृत्यु भएका पुजारीको शव राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा राखिएको तथा घटना शंकास्पद देखिएकोले अनुसन्धान सुरु गरिएको इलाका प्रहरी कार्यालयका डिएसपी माधव काफ्लेले जानकारी दिएका छन् ।

## भन्सार छलीको कपडा र मोटरसाइकलसहित युवक पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, २२ भदौ ।**

भारतबाट अवैध रूपमा भन्सार छली गरेर ल्याइएको लत्ताकपडा र दुईवटा मोटरसाइकलसहित एक युवकलाई सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ ।

आइतबार बिहान गोलबजार नगरपालिका ६ गुम्बाचोक नजिकै सशस्त्र प्रहरी बल नम्बर ७ गण सिरहाको गस्ती टोलीले उक्त सामानसहित २२ वर्षीय रामकुमार यादवलाई पक्राउ गरेको हो । यादव सुखीपुर नगरपालिका-७ सिसवा निवासी हुन् ।

उनीसँगै रहेका अर्का मोटरसाइकल चालक भने फरार रहेको सशस्त्र प्रहरी उपरीक्षक नरेश भण्डारीले जानकारी दिए । सशस्त्र प्रहरीका अनुसार यादवको साथबाट रु दुई लाख ८२ हजार ८०० बराबरको कपडा र रु दुई लाख ५० हजार मूल्य बराबरका दुई थान मोटरसाइकल बरामद गरिएको छ । बरामद सामग्रीको मूल्य रु ५ लाख ३२ हजार ८०० बराबर रहेको छ ।

सशस्त्र प्रहरी उपरीक्षक भण्डारीका अनुसार भारतबाट भन्सार छली गरेर सामान भित्रचाउने कार्यमा रोक लगाउन सशस्त्र प्रहरीले कडा निगरानी थालेको छ । पक्राउ परेका सामान आवश्यक कानुनी प्रक्रिया पूरा गरी भन्सार कार्यालयमा बुझाउने तयारी भइरहेको पनि उनले जानकारी दिए ।

## कांग्रेसले सामाजिक सञ्जाल बन्दबारे सरकारसँग छलफल गर्ने

काठमाडौँ, २२ भदौ (रासस) ।

प्रमुख सत्ता साझेदार दल नेपाली कांग्रेसले सामाजिक सञ्जाल सूचीकृत नगरे बन्द गर्ने सरकारको निर्णयका सम्बन्धमा छलफल गर्ने भएको छ ।

कांग्रेस केन्द्रीय कार्य सम्पादन समितिको आइतबार बसेको बैठकले सो सम्बन्धमा सरकारसँग छलफल गर्ने निर्णय गरेको सहमहामन्त्री जीवन परियारले जानकारी दिनुभयो ।

सभापति शेरबहादुर देउवा निवास बूढानीलकण्ठमा बसेको बैठकले सरकारसँग सोबारेमा छलफल गरेपछि पार्टीको धारणा सार्वजनिक गर्ने निष्कर्ष निकालेको उहाँले बताउनुभयो ।

## कोशी प्रदेशमा ४ सय ८७ सहकारी निष्क्रिय सूचीमा

झापा, २२ भदौ (रासस) ।

कोशी प्रदेशमा कार्यालयको नियमन क्षेत्राधिकारभित्र पर्ने ४८७ सहकारी संस्था निष्क्रिय सूचीमा परेका छन् । त्यसमध्ये सबैभन्दा धेरै झापामा १३१ रहेका छन् भने मोरङमा ६७, सुनसरीमा ६२, इलाममा ४७, उदयपुर र तेह्रथुममा २६-२६ सहकारी निष्क्रिय सूचीमा रहेका छन् ।

त्यसैगरी, सोलुखुम्बुमा १२, ओखलढुङ्गामा २१, खोटाङमा १७, सङ्खुवासभामा १३, भोजपुर र धनकुटामा १७-१७, ताप्लेजुङमा १० र पाँचथरका २१ सहकारी संस्था निष्क्रियको सूचीमा रहेका छन् । सहकारी संस्थाहरूको तथ्याङ्कलाई अद्यावधिक गर्न तथा निष्क्रिय सहकारीको दर्ता खारेजी गर्ने प्रयोजनका लागि प्रदेश सहकारी ऐन, २०७६ तथा सहकारी सङ्घसंस्था सञ्चालन, अनुगमन तथा लेखापरीक्षणसम्बन्धी मापदण्ड २०७८ अनुसार सूची सार्वजनिक गरिएको रजिष्ट्रार खनालले बताउनुभयो ।

सूचीमा परेकाहरूको सम्पत्ति र दायित्व नरहेको पाइएमा प्रक्रिया पुर्‍याइ खारेजी प्रक्रिया अगाडि बढाउने कार्यालयका अनुगमन तथा लेखापरीक्षण शाखाका शाखा अधिकृत नगेन्द्र पराजुलीले बताउनुभयो । कोशी प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालयको नियमन क्षेत्राधिकारभित्र प्रदेशभरिका एक हजार ७५ सहकारी संस्था रहेका छन् ।

**चराचुरुङ्गीको संरक्षण गरौं**

चराचुरुङ्गीले:
- पर्यावरणको सन्तुलन कायम गर्न सहयोग गर्दछ.
- चराहरुले किरा–फट्याङ्ग्रा खाएर रोग नियन्त्रणमा सहयोग पुर्‍याउँछ.
- खेतीपातीमा विषादीको प्रयोग घट्छ.
- फलफूल खाएर बीउहरू बिभिन्न स्थानमा फाली नयाँ बोटबिरुवा उम्रनमा सहयोग पुर्‍याउँछ.
- एउटा फूलबाट अर्को फूलमा गएर परागसेचन गराई फलफूल उत्पादन बढाउँछ.
- मृत जनावरको मासु खाई वातावरण सफा राख्न मद्दत पुर्‍याउँछ.
- चिरविर आवाजले मन शान्त पारी तनाव कम गर्न मद्दत पुर्‍याउँछ.
- जैविक बिबिधता बुझ्न, मौसम परिबर्तनको संकेत थाहा पाउन र वातावरणीय अध्ययन अनुसन्धानका लागि भूमिका खेल्छन्,
- प्राकृतिक सौन्दर्यतामा बृद्धि भई पर्यापर्यटनमार्फत आयस्रोतमा टेवा पुर्‍याउँछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### चाडपर्वमा खस्किदो व्यापार

दशैं, तिहार, छठलगायतका पर्वमा बजारमा किनमेल चहलपहल बढ्ने, व्यापारीहरू उत्साहित हुने र उपभोक्ताहरू पनि नयाँ सामान खरिदमा जुट्ने परम्परा रहँदै आएको छ। तर पछिल्ला केही वर्षयता सप्तरीमा चाडपर्वको माहोल भए पनि व्यापार खस्किदो अवस्थामा छ। जनताको क्रयशक्ति कमजोर, बढ्दो महँगी, खुल्ला सीमानाका तथा कालोबजारी लगायतका कारणले व्यापार खस्किदै गएको छ। उपभोक्ता वर्गले अत्यावश्यक खर्चमै ध्यान दिइरहेका छन्। उत्सवको रौनक भए पनि बजारमा नयाँ लुगा, सरसामान वा विलासी वस्तुको खरिदमा चासो घट्दो छ। दैनिक उपभोग्य वस्तु, यातायातदेखि लिएर अन्य उपभोग सामग्रीमा मूल्यवृद्धि भएको छ। उच्च मूल्यका कारण उपभोक्ताले सजिलोसँग खर्च गर्न सक्ने अवस्था छैन।

चाडपर्व मात्र व्यापारिक उन्नतिका लागि होइन, सामाजिक र सांस्कृतिक जोडलाई बलियो बनाउने अवसर पनि हो। तर जब बजारमा व्यापारी निराश हुन्छन् र उपभोक्ता बाध्यताले खर्च घटाउँछन् भने त्यो उत्सवको रौनक पनि मन्द पर्न जान्छ। व्यापारीलाई सहज ऋण प्रवाह, कालोबजारी नियन्त्रण, मूल्य स्थिरीकरण, गुणस्तरीय उत्पादन र उपभोक्तामैत्री वातावरण सिर्जनामा सरकारले ध्यान दिनु जरुरी छ।

तसर्थ स्थानीय तह, उद्योग वाणिज्य संघ र उपभोक्ता संघसंस्थाबीच सहकार्य आवश्यक छ। चाडपर्वमा बजार जीवित रहनु उपभोक्ता र व्यापारी दुवैको हितसँग जोडिएकोले जिल्लामा खस्किँदो व्यापारलाई उकास्न पहल नगरेसम्म चाडपर्वमा यस्तो खल्लो अझै रहिरहन्छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# ‘अदालतको आदेश कार्यान्वयन गरी सामाजिक सञ्जाललाई जवाफदेही बनाउनु सरकारको दायित्व’

**मधु शाही**

काठमाडौँ, २२ भदौ (रासस)।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले ‘सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०’ बमोजिम सूचीकृत नभएका सामाजिक सञ्जाल प्लेटफर्मलाई नेपालभित्र निष्क्रिय गर्ने निर्णय कार्यान्वयनमा ल्याएको छ।

सम्मानित सर्वोच्च अदालतको निर्देशनात्मक आदेश कार्यान्वयन गर्नुपर्ने कानुनी बाध्यताका आधारमा यही भदौ १९ गते मन्त्रिस्तरीय निर्णयबाट सूचीकृत नभएका सामाजिक सञ्जाललाई निष्क्रिय बनाउन मन्त्रालय बाध्य हुनुपरेको हो।

स्पष्ट रुपमा समयावधि तोकी नियमानुसर सूचीकृत भइदिन नेपालभित्र सञ्चालित सामाजिक सञ्जाललाई पटकपटक अनुरोध गर्दा पनि प्रक्रियामा सहभागी नहुनेको हकमा मात्र निष्क्रिय बनाइएको सञ्चार मन्त्रालयले स्पष्ट गरेको छ।

सो निर्णयभएसँगै सबैजसो घर-चोक, विद्यालय, विश्वविद्यालय, कार्यालय, व्यापारिक संस्था, आमसञ्चार माध्यम, राजनीतिका तहतप्कामा सामाजिक सञ्जाललाई निष्क्रिय बनाइएका विषयमा चर्चा/परिचर्चा भइरहेको छ।

सो निर्णयका सन्दर्भमा सामाजिक सञ्जाल प्रयोगकर्ता व्यक्ति तथा समाज विभाजित भएको अवस्था छ। केहीले सामाजिक सञ्जाललाई निष्क्रिय बनाउने निणर्यका पक्षमा वकालत गर्दै यसले करिब तहसनहस अवस्थाम पुऱ्याइएको हाम्रो सामाजिक मूल्यमान्यता, भाषा, संस्कृति, रितिरिवाज, चालचलनलाई बचाउन, मोवाइलमा नै व्यस्त रहने आदतबाट नेपाली समाजलाई जोगाउन, उत्पादनमूलक काममा लाग्न अभिप्रेरित गर्न र सर्वत्र हावी भइरहेको नकारात्मक सोच र चिन्तनबाट देशलाई बचाउन सहयोग पुग्ने भएकाले निर्णयको स्वागत गरेका छन्।

अर्कोतर्फ सूचनाको हकलाई कुण्ठित गर्ने, नियन्त्रित शासन व्यवस्थालाई मलजल गर्ने, सामाजिक सञ्जालबाट प्राप्त हुने सकारात्मक पक्षलाई ग्रहण गरी लाभान्वित हुन पाउने अवसरबाट बञ्चित हने तथा स्वदेशर्म बसी केही आम्दानी समेत गरिरहेका व्यक्ति एवं सङ्घसंस्था प्रभावित हुनुपरेको भन्दै सो निर्णयको विपक्षमा आवाज उठाउनेहरू पनि देखिएकै छन्।

सोही निर्णयका सन्दर्भमा कतिपय विज्ञ र सरोकारवाला पक्षले सरकार सामाजिक सञ्जाललाई नियन्त्रणमा लिन खोजिरहेको भन्ने भ्रामक सन्देश फैलाएका छन्। तर, सरकारको दाबी फरक छ, यसले कुनै पनि सामाजिक सञ्जाल पूर्णरूपमा बन्द गर्ने उद्देश्य राखेको छैन। बरु यी प्लेटफर्मलाई जिम्मेवार, जवाफदेही र कानुनी दायराभित्र ल्याउने मात्र प्रयत्न गरिएको हो भनी सरकारको तर्फबाट स्पष्ट गरिएको छ।

आजको युगमा सामाजिक सञ्जाल मानिसको जीवनको अपरिहार्य हिस्सा बनिसकेको छ। अहिले मानिस दुई किसिमको जीवनयापन गरिरहेको छन्, एक भौतिक जीवन, अर्को प्राविधिक जीवन। भौतिक जीवन दैनन्दिन व्यवहारसँग जोडिएको छभने प्राविधिक जीवन अनलाइन र डिजिटल प्लेटफर्मसँग सम्बन्धित छ। यस डिजिटल दुनियाँमा सहज रुपमा जीवनयापन गर्ने मुख्य आधार सामाजिक सञ्जाल बनेको छ। त्यसलाई कानुनसम्मत रुपमा व्यवस्थित नगर्दा व्यक्तिगत गोपनीयता, सामाजिक सद्भाव, सांस्कृतिक मूल्य र मुलुकको सार्वभौमिकतामाथि नकारात्मक असर परेको छ, त्यसलाई जोगाउनुपर्ने दायित्व राज्यको नै हो।

सरकारले निरन्तर पहल गर्दै आएको सामाजिक सञ्जाललाई सूचीकरण गर्ने प्रक्रियालाई सर्वोच्च अदालतको निर्देशनात्मक आदेशपछि यसलाई पूर्ण रुपमा पालना गर्नुपर्ने अवस्था आएको हो। यद्यपि मन्त्रालयमा सूचीकृत भएका केही भएका र हुने प्रक्रियामा रहेका सामाजिक सञ्जाललाई भने सञ्चालनमा खुला गरिएको छ। मन्त्रालयमा सूचीकृत भएका टिकटक, भाइबर, विटकजस्ता केही सामाजिक सञ्जाल हाल सञ्चालित छन्।

सर्वोच्चको बृहत् पूर्ण इजलासले २०८१ असोज १३ गते अदालतको अवहेलना मुद्दासम्बन्धी फैसला उद्धृत गर्दै सामाजिक सञ्जाल बन्द गर्ने निर्णय गरेको हो। आदेशमा भनिएकोछ, ‘सम्मानित सर्वोच्च अदालतको बृहत् पूर्ण इजलासले अदालतको अवहेलनासम्बन्धी मुद्दा (मुद्दा नं.०८०–ऋँ००१२) मा स्वदेशी वा विदेशी उत्पत्तिका अनलाइन तथा सामाजिक सञ्जाल प्लेटफर्महरूलाई सञ्चालन पूर्वअनिवार्य रूपमा सम्बन्धित साधिकार निकायबाट सूचीकरण गरी अनिच्छित सामग्रीहरूको मूल्याङ्कन र अनुगमन गर्न नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश दिएको छ।’

यही सर्वोच्चको निर्देशनात्मक आदेशलाई आधार बनाएर मन्त्रिपरिषद्ले यही भदौ ९ गते सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने सन्दर्भमा ‘सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० तथा सर्वोच्च अदालतको आदेशबमोजिम सामाजिक सञ्जाल सञ्चालकलाई जिम्मेवार तथा जवाफदेही बनाउन सात दिनको म्याद दिई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सूचीकरणका लागि सार्वजनिक रुपमा आह्वान गर्ने, तोकिएको अवधिमा सूचीकरण हुन नआउने वा सूचीकरणका लागि सम्पर्कमा समेत नआउने सामाजिक सञ्जाललाई क्रमशः नेपालभित्र निष्क्रिय गराउन र सूचीकरण गरेमा सोही क्षणबाट ती सामाजिक सञ्जाललाई पुनः सक्रिय गराउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत नेपाल दूरसञ्चार प्राविधिकरणलाई निर्देशन दिने’ भन्ने निर्णय गरिएको थियो।

अदालतको आदेश र मन्त्रिपरिषद्को निर्णयलाई टेकेर सञ्चार मन्त्रालयले सूचीकृत नभएका सामाजिक सञ्जालहरुलाई निष्क्रिय गर्ने निर्णय गरेको हो। सञ्चार पृथ्वी सुब्बा गुरुङका अनुसार सामाजिक सञ्जाल सूचीकरण गराउनु भनेको देशको सार्वभौमसत्ता र स्वाभिमानसँग जोडिएको कुरा पनि हो। उहाँ भन्नुहुन्छ, “अदालतको आदेश र मन्त्रिपरिषद्को निर्णय पालना गर्नुपर्छ। सूचीकरण भएको तत्क्षण उक्त सामाजिक सञ्जाल खुला हुन्छ। हामीले नियन्त्रण गर्न होइन, सामाजिक सञ्जाललाई जवाफदेही बनाउन मात्र खोजेका हौँ, यस सम्बन्धमा भ्रममा नपरी स्पष्ट हुन सम्बद्ध सबैसँग अनुरोध गर्दछु।”

यद्यपि सामाजिक सञ्जालमाथिको नियमन गर्ने प्रयास यसअघिका सरकार प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ नेतृत्वको पालामा नै सुरु भएको थियो। तत्कालीन सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले २०८० साल कात्तिक २७ गते सामाजिक सञ्जाललाई नियमन गर्ने निर्देशिका ल्याउनुभएको थियो।

सो निर्णयसँगै तत्कालीन सरकारले टिकटक बन्द गऱ्यो। सरकारको टिकटक बन्द गर्ने निर्णयले व्यापक विरोध र असन्तोष पैदा गऱ्यो। युवाको रोजगारी, आयआर्जन र सिर्जनात्मक गतिविधि टिकटकसँग जोडिएको हुँदा बन्दले ठूलो असर पाऱ्यो।

तत्कालीन सरकारले निर्देशिकाअनुसार सामाजिक सञ्जाललाई सूचीकरण गराउने प्रयासमै चुनौती खेप्नुपरेको थियो। उक्त समयमा टिकटक बन्द हुँदा पनि प्रयोगकर्ताले भिपिएनलगायतका माध्यम प्रयोग गरेर उक्त प्लेटफर्म चलाइरहे। यसले के प्रस्ट गऱ्यो भने, सामाजिक सञ्जाललाई बन्द गरेर समस्या समाधान गर्न सकिँदैन, बरु सूचीकृत र व्यवस्थित गरेर मात्रै समस्याको दीर्घकालीन समाधान सम्भव छ।

त्यसपछि नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार गठन भयो। सञ्चार तथा सूचना प्रविधिमन्त्रीमा पृथ्वी सुब्बा गुरुङ हुनुभयो। नेकपा (एमाले)का उपमहासचिवसमेत रहनुभएका नेता गुरुङले मन्त्रीको जिम्मेवारी सम्हाल्नुभएपछि त्यसअघि सरकारबाट भएका निर्णय, आमजनताको भावना, चाहना आदिलाई समेत दृष्टिगत गरी सामाजिक सञ्जाललाई व्यवस्थित गर्न पहल गर्नुभयो।

यसै सन्दर्भमा सरोकारवाला पक्षसँग चरणबद्ध रुपमा गरिएको छलफलबाट प्राप्त सकारात्मक सुझावसमेतका आधारमा २०८१ माघमा नै सामाजिक सञ्जाल नियमनसम्बन्धी बन्न लागेको विधेयकलाई राष्ट्रियसभामा पेस गरिएको अवस्था छ।

माओवादी अध्यक्ष दाहाल नेतृत्वको सरकारले २०८१ कात्तिक २७ मा टिकटक सञ्चालनमा रोक लगाएको थियो भने वर्तमान सरकारले २०८१ भदौ ७ गते सर्तसहित टिकटकमाथिको प्रतिबन्ध खुला गर्ने निर्णय गरेको थियो।

सञ्चारमन्त्री गुरुङको नेतृत्वको मन्त्रालयसँग टिकटकले हाल सामाजिक कार्यमा साझेदारी गर्दै शिक्षा, स्वास्थ्य, पर्यटन लगायतका क्षेत्रमा सहकार्य गर्ने प्रतिबद्धता जनाइसकेको छ। यसले के प्रष्ट पार्छ भने, सामाजिक सञ्जाललाई व्यवस्थित गर्न सकिएमा व्यक्ति, समाज र देशकै हितमा प्रयोग गर्न सकिन्छ। टिकटक सूचीकृत भएपछि मन्त्रालयले फेसबुक, एक्स (ट्विटर), इन्स्टाग्राम, ह्वाट्सएप, युट्युबलगायतका अरू सञ्जाललाई पनि सूचीकृत गर्न प्रयास जारी राख्यो। विसं २०८१ माघ २१ मा मन्त्रालयले पहिलोपटक सूचीकरणसम्बन्धी सूचना जारी गऱ्यो। यसअघि कात्तिक ८ गते टिकटक र असोज १६ गते विटक सूचीकृत भइसकेका थिए। यसैगरी सूचना जारी भएपछि गत फागुन २४ मा भाइबर पनि सूचीकृत हुन आएको थियो।

यसपछि मन्त्रालयले क्रमशः दोस्रोपटक गत चैत १२ गते, तेस्रोपटक वैशाख २१ र चौथो पटक भदौ १२ गते सूचना जारी गऱ्यो। हरेक पटक सामाजिक सञ्जाललाई सूचीकृत हुन एक साताको समयसीमा तोकिएको थियो। तर, फेसबुकलगायत ठूला प्लेटफर्मले नेपाल सरकारको कानुनलाई अटेरी गर्दै सूचीकृत हुन आएनन्।

सो निर्देशिकाको दफा ३ अनुसार निर्देशिका जारी भएको तीन महिनाभित्र समजिक सञ्जाल सूचीकृत भइसकेको हुनुपर्थ्यो। तर, निर्देशिका जारी भएको दुई वर्ष पुग्न लाग्दा पनि अटेर गर्दै सूचीकरण प्रक्रियामा नआउनेहरूलाई मात्र कानुनमोजिम निष्क्रिय बनाइएको सरकारले स्पष्ट गरेको छ। कारणबस सूचीकृत हुन नआएका सामाजिक सञ्जालहरू कानुनबमोजिम सो प्रक्रियामा सहभागी भए तत्काल ती सामाजिक सञ्जाल सक्रिय हुने भएकाले सरकारको निर्णयका सन्दर्भम भ्रममा नपर्न सम्बद्ध सबैसँग सञ्चारमन्त्री गुरुङले स्पष्ट गनुएभएको छ। सूचना र प्रविधिको विकाससँगै आमजनताले त्यसबाट अत्यधिक लाभ लिन सकून् भन्ने असल मनसायका साथ तत्सम्बन्धी आवश्यक निर्णयसहित सरकारले काम गरिरहेको पनि मन्त्री गुरुङले स्पष्ट गर्नुभयो।

सूचीकरण भएपछि सामाजिक सञ्जाल सञ्चालकको जिम्मेवारी र जवाफदेहितामा ठूलो वृद्धि हुन्छ। निर्देशिकामा भनिएअनुसार, सञ्चालकले प्रचलित कानुनविपरीत सामग्री रोक्ने गरी आवश्यक अल्गोरिदम विकास गर्नुपर्छ। कुनै सामग्रीबारे गुनासो आएमा २४ घण्टाभित्र हटाउनुपर्छ। प्रयोगकर्ताको व्यक्तिगत विवरण सुरक्षित राख्नुपर्छ र त्यसलाई अन्य प्रयोजनमा प्रयोग गर्न पाइँदैन। साथै, नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, सामाजिक सद्भाव र धार्मिक सहिष्णुतामाथि आघात पुऱ्याउने सामग्री प्रकाशनमा रोक लगाउनुपर्छ।

त्यसैगरी, सामाजिक सञ्जाल सञ्चालकले अन्तरराष्ट्रियस्तरमा विकास भएको ‘सान्ता क्लारा सिद्धान्त’ पालना गर्नुपर्ने उल्लेख छ। कारोबार गर्दा बैंक प्रणालीमार्फत गर्नुपर्ने, प्रयोगकर्ताको हितमा सचेतनामूलक सामग्री प्रसारण

***बाँकी तीन पृष्ठमा***

# सुशासनका लागि गर्नुपर्ने पहल

**डा लक्ष्मी सिंह**

काठमाडौं, २२ भदौ (रासस) ।

सुशासन के हो भन्नेबारे जानकारी समाजमा हुन अत्यावश्यक छ । सुशासनको अवधारणा सर्वप्रथम विश्व बैंकले सन् १९८९मा अफ्रिका महादेशमा पहिलोपटक प्रयोगमा ल्याएको थियो । अहिले यो अवधारणा दिगो विकास लक्ष्य हासिल गर्नका लागि महत्वपूर्ण औजारका रूपमा देखिएको छ ।

स्थानीय समाज, प्रदेश, देश र साधारण जनसमूहका लागि असल व्यवहार बाट सुरु गरिने कार्य तथा शासन नै सुशासन हो । यो व्यवस्थामा राज्यका सबै अङ्गमा स्थानीय समाज, क्षेत्र, वर्ग तथा लिङ्गको उचित प्रतिनिधित्व तथा सक्रिय सहभागिता गराई सबैका समस्या वा सरोकारका विषयलाई छिटोछरितो एवं न्यायपूर्ण तरिकाले सम्बोधन गरिन्छ, यही नै असल शासन वा सुशासन हो ।

अर्थात् सुशासन भनेको सरकारले समाजका जनतालाई पारदर्शिता, जवाफदेहीता, सहभागिता, कानुनी शासन, प्रभावकारिता र समानताजस्ता सिद्धान्तमा आधारित असल शासन दिने प्रणालीको विकास हो । अर्को अर्थमा सुशासन भनेको असल शासन तथा प्रशासनिक अधिकारको समुचित प्रयोग हो । यसलाई निश्चित मापदण्डका आधारमा निर्णय गर्ने पद्दति पनि भनिन्छ । अर्थात राज्यले जनताका लागि गर्ने काम वा सेवा राज्यको व्यवहार सुलभ, पारदर्शी र समग्र रूपमा असल हुनु पर्छ भन्ने धारणा नै सुशासन हो । सुशासनले समाजमा शान्ति र समृद्धि ल्याउँछ । यसले समाजका सदस्यको अधिकार र कर्तव्यलाई सम्मान गर्दै सार्वजनिक स्रोतहरूको न्यायोचित व्यवस्थापन गर्ने मुख्य उद्देश्य लिएको हुन्छ ।

आजको स्थानीय समाज सुशासनको ऐना हो । यसमा लोकतन्त्र, समावेशीता, जनसहभागिता, मानवअधिकार, सामाजिक न्याय, दिगो विकास, शान्ति र समृद्धिको स्थापनासँगसँगै देखा पर्छन् । सुशासनको परिकल्पना र प्रयास सुख र समृद्धिका लागि हो । सुशासनले स्थानीय समाजलाई मेरुदण्ड मानी उत्तरदायित्व, जनसहभागिता, पारदर्शीता र कानुनको शासनलाई अनुशरण गर्छ । राज्यले गर्ने शासन व्यवस्था र प्रक्रिया जनमुखी भए मात्र स्थानीय समाज विकास सम्भव हुने भन्ने विश्वव्यापी विचार तथा मान्यता छ । समुन्नत समाज निर्माणका लागि पनि सुशासन हुन जरुरी छ । सुशासनले राज्यलाई पारदर्शी, जवाफदेही र समावेशी बनाउँछ ।

कानुनी राज्यको अवधारणालाई आत्मसात् गर्न प्रेरित गर्दछ । सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति स्थानीय समाजमा गराउनु सरकारको पहिलो जिम्मेवारी हो । यसै सिलसिलामा स्थानीय समाज भनेको के हो भन्ने जानकारी हुन अत्यावश्यक छ । यो शब्द पहिले ल्याटिन भाषाको 'सोसियल' बाट उत्पन्न भएको हो । स्थानीय समाजको उच्चारण ११औँ शताब्दीमा भएको हो । स्थानीय समाज भनेर एकभन्दा धेरै मानिसको समूह वा उपस्थितिलाई बुझिन्छ । अर्थात् स्थानीय समाजले साथीभाइ, समूह, सङ्घ, टोल, क्लब, पार्टी र सङ्गति आदिलाई जनाउँछ ।

समाज शब्दले गाउँ, टोल, समूह, क्लब र सहरमा बसोबास गर्ने परिवार तथा व्यक्तिको समूहलाई जनाउँछ । एक क्षेत्रमा बसोबास गर्ने मानिसको सञ्जाल नै समाज हो । समाजमा विभिन्न जातजाति, धार्मिक समुदाय, उमेर समूह र वर्गका मानिसको बसोबास हुन्छ । स्थानीय समाजको महत्त्व मानव विकासका लागि बढी मानिएको छ । स्थानीय समाजका सदस्य कुनै न कुनै रुपमा एकआपसमा आश्रित हुन्छन् । उनीहरुका लागि सामूहिक पहिचान, सामूहिक कार्य र सामूहिक उद्देश्य अनिवार्य हुन्छ । त्यसैले समाज र सुशासनबीच घनिष्ठ सम्बन्ध छ । सुशासनको सम्बन्ध स्थानीय समाजदेखि देश विदेशसम्म जोडिएको हुन्छ । सुशासन कुनै पनि देशको स्थानीय समाजको आर्थिक विकासको प्रगति गर्ने एक चाबी हो ।

राज्यले शासनलाई असल शासनमा परिणत गर्न न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकासँगै आधुनिक बजारलाई समेत ध्यान दिएको हुन्छ । हिजोआज स्थानीय समाज वा समुदायमा न्यायोचित सेवा दिइएको देखिँदैन । छोटो अनुसन्धानको तथ्याङ्कले ८५ प्रतिशत स्थानीय जनताले सुशासनको महसुस गरेको पाइँदैन । स्थानीय समाजमा सोधपुछ गर्दा ८५ प्रतिशत व्यक्तिले सुशासनका बारेमा आफूलाई केही थाहा नभएको बताएका थिए । समाजका १५ प्रतिशत व्यक्ति, जो केही पढे लेखेका र कुनै पेसा वा व्यवसायमा आबद्ध छन्, उनीहरुले मात्रै सुशासनका बारेमा धेरथोर बुझेको अध्ययनले देखाएको थियो ।

आफ्नो अधिकार खोज्नका लागि पहिले व्यक्ति नै सो विषयमा ज्ञान वा जानकार हुनुपर्छ । त्यसपछि मात्र सो व्यक्तिले आफ्नो अधिकार माग्न सक्छ, जनताको करको रकमले सरकारले आफ्नो दैनिक व्यवस्थापन सञ्चालन गर्ने भएकाले समाज विकासमा उसको दायित्व हुन्छ । यद्यपि, जनताको सेवामा ढिलासुस्ती गरी सरकार सुशासनबाट पछाडि हटेको महसुस हुन्छ । स्थानीय समाजमा सुशासनको स्थापनाका लागि सरकारले केही चरणबद्ध कार्यक्रम सञ्चालन गर्न आवश्यक छ । विश्वमा योजनाबद्ध विकासको सुरुआत सन् १९२८ मा तत्कालीन सोभियत सङ्घबाट भएको थियो भने नेपालमा राणकालमै भएको पाइन्छ ।

नेपालको विकास अर्थतन्त्रमा वैदेशिक सहायता र गैरसरकारी निकायको योगदान महत्त्वपूर्ण रहिआएको छ । विकासका लागि अपनाइएका प्रणाली जनकेन्द्रित, पारदर्शी, समावेशी र जनमुखी भई जनताले सुख, समृद्धि र भलाइ महसुस गर्ने वातावरणले सुशासनको अवस्थालाई प्रतिबिम्बित गर्छ । सुशासन कायम गर्न सचेत नागरिक वा नागरिक समाज, सरकारी तथा गैरसरकारी संयन्त्रहरूको समन्वय र सहकार्य अपरिहार्य छ ।

**सुशासनका लागि सरकारले के गर्नुपर्छ ?**

प्रक्रियाको पहिलो चरणमा सुशासनको परिभाषा, अर्थ र प्रक्रियासम्बन्धी समाजमा व्यापक जनचेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ । स्थानीय समाजका सम्पूर्ण जनतालाई सुशासनसम्बन्धी ज्ञाता बनाई सुशासनसम्बन्धी विषयलाई 'स्मार्ट' बनाउने पहिलो कार्यमा नेपाल सरकारको हुनेछ । स्थानीय समुदायमा सरकारको काम, कर्तव्य र अधिकारसम्बन्धी राम्रो ज्ञान दिने कार्यशाला सञ्चालन गर्नुपर्ने हुन्छ । साथै, सरकार र समुदायबीचको सम्बन्ध राम्रो बनाउने वातावरणको सिर्जना गर्नुपर्ने हुन्छ । त्यसपछि मात्र स्थानीय समुदायका सबै जनताको सीप तथा ज्ञान 'स्मार्ट' बन्नेछ र आफ्नो अधिकार आफैं खोल्ने छन् । यो नेपाल सरकारको पहिलो कार्य हुनेछ ।

दोस्रो चरणमा सम्पूर्ण पार्टीका नेताको सुशासनसम्बन्धी जनचेता अभिवृद्धि गर्नुपर्ने देखिन्छ । सरकार र राजनीतिक पार्टीका नेताको सम्बन्ध कस्तो हुनुपर्छ भन्ने बारे राम्रो ज्ञान दिनुपर्ने हुन्छ । राजनीतिक नेताहरूको हरेक प्रक्रियामा सुशासनको सम्बन्ध हुन्छ भने जिम्मेवारी दिनुपर्ने हुन्छ ।

तेस्रो चरणमा नेपाल सरकारका सङ्घ, प्रदेश र स्थानीयस्तरका सम्पूर्ण कर्मचारीलाई सुशासनसम्बन्धी चेतनाको अभिवृद्धि गराउनुपर्छ । यो सरकारको पहिलो प्राथमिकतामा पर्दछ । स्थानीय समुदाय तथा सरकारबीचको सम्बन्ध कस्तो हुनुपर्छ भन्नेबारे कर्मचारी वर्गलाई राम्रो ज्ञान दिनुपर्ने अति आवश्यक छ । सरकार भनेको जनतालाई सेवा प्रदान गर्ने निकाय हो तर प्रशासक होइन । जनताले तिरेको करको रकमबाट कर्मचारीको तलब तथा सुविधा पाउने भएकाले जनता नै सर्वोपरी हुन् भनी बुझ्नु पर्छ । त्यसपछि मात्र नेपाल देशलाई स्विट्जरल्याण्ड देश जस्तो विकसित तथा 'स्मार्ट' बनाउन सकिनेछ ।

चौथो चरणमा नेपाल सरकारका सम्पूर्ण नीति नियम, कानुन र रणनीतिहरू वा सम्पूर्ण संयन्त्र 'स्मार्ट' बनाई कार्यान्वयनमा ल्याउनुपर्ने हुन्छ । त्यसपछि मात्र सुशासनको विकास भई देशमा नयाँ विकासको आयाम स्थापना हुनेछ ।

अन्त्य चरणमा सुशासनको प्रक्रियामा राम्रो काम गर्नेलाई पुरस्कारको व्यवस्था राख्नुपर्ने हुन्छ । नराम्रो काम गर्ने कर्मचारीलाई जागिरबाट हटाउने व्यवस्था गर्नु पर्छ । अन्य व्यक्तिले सुशासनको विरोधमा काम गरेमा कडाभन्दा कडा सजायको व्यवस्था हुनुपर्छ ।

स्थानीय समाज र सरकारबीचको ठूलो खाडललाई पत्ता लगाई त्यसको व्यवस्था समयमै गरी देशलाई 'स्मार्ट' बनाउनका लागि मोडल विकासका कार्य अगाडि बढाई देशको विकास गर्नुपर्ने हुन्छ । यसमा पहिलो प्राथमिकतामा स्थानीय समाजमा सुशासन स्थापना गर्ने । वर्तमान परिस्थितिमा स्थानीय समाजमा धेरै विज्ञको टोली छ । उक्त टोलीलाई नेपाल सरकारले कदर गरी कुशल तथा असल सुशासनको स्थापनाका लागि उपयोगमा ल्याउने व्यवस्था गर्नुपर्ने हुन्छ ।

सरकारले सुशासनका विज्ञलाई खोजीखोजी अनुसन्धानका लागि सम्बन्धित कार्यमा सक्रिय सहभागी गराई जिम्मेवारी दिने कार्य पहिलो हुनेछ । त्यसपछि मात्र सरकार सुशासन स्थापना कार्यमा सफल हुनेछ । *(लेखक नेपाल सरकारका पूर्वसहसचिव हुनुहुन्छ)*

---

***'अदालतको आदेश ...***

गर्नुपर्ने, तथ्य जाँच गरेर मात्रै सामग्री प्रकाशन गर्नुपर्ने र गुनासो सम्बोधन गर्ने व्यवस्था गर्नुपर्ने पनि निर्देशिकामा प्रस्ट गरिएको छ ।

यसरी सूचीकरण भएपछि सामाजिक सञ्जालका प्लेटफर्मले समाजप्रति उत्तरदायित्व बहन गर्नुपर्नेछ । यदि सूचीकरण नगरे भने सरकारले कानुनी कारबाही गर्न सक्नेछ । यो अवस्थामा प्रयोगकर्तालेसमेत आफूले प्रयोग गर्ने सामाजिक सञ्जालको सम्पर्क केन्द्र सजिलै पाउन सक्छन् । अहिले निष्क्रिय गरिएका प्लेटफर्म सूचीकृत हुने बित्तिकै पुनः सञ्चालनमा आउने मन्त्रालयले स्पष्ट पारेको छ ।

आम प्रयोगकर्ताले बुझ्नुपर्ने कुरा के हो भने, सामाजिक सञ्जाल नेपालमा पूर्ण रूपमा बन्द गर्न खोजिएको होइन । बरु यसलाई जिम्मेवार, व्यवस्थित र जवाफदेही बनाउन सूचीकृत गर्न भनिएको हो । सामाजिक सञ्जाल समाजप्रति उत्तरदायी बन्ने पहिलो र अनिवार्य आधार नै सूचीकृत हुनु हो ।

यसरी हेर्दा सामाजिक सञ्जाल सूचीकृत हुनु केवल सरकारी औपचारिकता मात्र होइन, समाज र मुलुककै हितसँग प्रत्यक्ष सम्बन्धित विषय हो । यसले प्रयोगकर्ताको अधिकार सुरक्षित गर्छ, सञ्जालकलाई कानुनी दायरामा ल्याउँछ र दुरुपयोग रोक्न मद्दत पुऱ्याउँछ । सामाजिक सञ्जाललाई व्यवस्थित नगरेसम्म समाजमा गलत प्रयोग, फेक समाचार र विभाजनकारी सामग्रीको जोखिम रहिरहन्छ । त्यसैले सूचीकरण आवश्यक मात्र होइन, अपरिहार्य पनि हो ।

---

## विश्व समाचार

# शिकागोमाथि 'युद्ध' चेतावनी, ट्रम्पको कारबाही धम्की

वासिङ्टन, २२ भदौ (रासस/एएफपी) ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार शिकागोमा आफ्नो नयाँ नामकरण गरिएको 'डिपार्टमेन्ट अफ वार' (युद्ध मन्त्रालय) लागू गर्ने धम्की दिनुभएको छ । डेमोक्रेटिक नेतृत्वमा रहेका अमेरिकी सहरहरूमा सेना तैनाथ गर्ने उहाँको दबाबका कारण तनाव झन् बढेको छ ।

यो कदम वासिङ्टनमा भएको अपरेसनको पुनरावृत्ति जस्तै हो, जहाँ ट्रम्पले नेसनल गार्ड सेना तैनाथ गर्नुभएको थियो र सङ्घीय एजेन्टहरूको सङ्ख्या बढाउनुभएको थियो । यसलाई लिएर शनिबार राजधानीमा नयाँ विरोध प्रदर्शन भई हजारौँ मानिस सडकमा ओर्लिएका थिए ।

"शिकागोले छिट्टै थाहा पाउनेछ कि यसलाई युद्ध मन्त्रालय किन भनिन्छ", ट्रम्पले आफ्नो ट्रुथ सोसल खातामा लेख्नुभयो । "संयुक्त राज्य अमेरिकाका राष्ट्रपतिले अमेरिकी सहरसँग युद्ध गर्ने धम्की दिनुभएको छ । यो सामान्य होइन, यो मजाक पनि होइन", इलिनोइसका डेमोक्रेटिक गभर्नर जेबी प्रिट्जकरले उक्त पोस्टप्रति आक्रोश प्रकट गर्दै भन्नुभयो, "इलिनोइस कुनै तानाशाहबाट डराउने छैन ।"

ट्रम्पको पोस्टमा उहाँको स्पष्ट एआई-निर्मित छवि र उद्धरण समावेश थियो, "मलाई बिहान निर्वासनको गन्ध मन पर्छ ।" यसले सन् १९७९ को भियतनाम युद्ध फिल्म 'एपोक्यालिप्स नाउ' को सन्दर्भ दिन्छ । उक्त फिल्ममा लेफ्टिनेन्ट कर्नल बिल किल्गोरले अमेरिकी सेनाले भियतनाममा अत्यधिक ज्वलनशील नापाम हतियार प्रयोग गर्दा 'नापामको गन्ध मन पर्छ' भनेका थिए ।

उनासी वर्षीय रिपब्लिकन ट्रम्पले अगस्टको अन्त्यदेखि नै शिकागोविरुद्ध धम्की दिँदै आउनुभएको छ । शनिबार शिकागोमा 'यो फासीवादी शासन रोक' भन्ने प्लेकार्डसहित विरोध प्रदर्शन भयो । प्रदर्शनकारीहरूले 'ट्रम्प होइन, कुनै सेना छैन' भन्ने नारासहित ट्रम्प टावर अगाडि असभ्य हावभाव पनि प्रदर्शन गरेका थिए ।

त्यसै दिन वासिङ्टनमा हजारौँको सहभागितामा भएको विरोध मार्चले 'कब्जा अन्त्य' को माग गरेको थियो । प्रदर्शनकारीहरूले उल्टो अमेरिकी झण्डा बोकेका थिए । यो परम्परागत रूपमा राष्ट्र अस्तित्व सङ्कटमा परेको प्रतीक हो । ट्रम्पले पहिलो पटक जुन महिनामा लस एन्जलसमा सेना र सङ्घीय एजेन्ट तैनाथ गर्नुभएको थियो । त्यसपछि वासिङ्टन र अन्य सहरहरूमा विस्तार गरिएको यो कदम कानुनी चुनौती र तीव्र आलोचनाको विषय बनेको छ । आलोचकहरूले यसलाई बल प्रयोगद्वारा अधिनायकवादी प्रदर्शन भनेका छन् ।

लस एन्जलसका स्थानीय अधिकारीहरूले पनि आइसिई एजेन्टहरूको हिंसात्मक रणनीति विरुद्ध आवाज उठाएका थिए । ती एजेन्टहरूले प्रायः मास्क लगाएर, अचिह्नित कार प्रयोग गरेर र बिना कारण वा वारेन्ट मानिसहरूलाई सडकमै पक्रने गर्छे ।

शिकागोसहित ट्रम्पले डेमोक्रेटिक नेतृत्वका अन्य सहर;स्–बाल्टिमोर र न्युअर्लिन्समा पनि यस किसिमको कारबाही गर्ने चेतावनी दिनुभएको छ । शुक्रबार उहाँले रक्षा मन्त्रालयको नाम आधिकारिक रूपमा युद्ध मन्त्रालयमा परिवर्तन गर्ने आदेशमा हस्ताक्षर गर्नुभयो । "यसले विश्वलाई विजयको सन्देश दिनेछ", उहाँले भन्नुभयो । पेन्टागन प्रमुख पिट हेग्सेथले यस कदमलाई स्वागत गर्दै अमेरिकाले आफ्नो लक्ष्य पूरा गर्न कुनै सम्झौता नगर्ने र आवश्यकता परे हिंसा प्रयोग गर्ने सङ्केत दिनुभएको छ ।

# कोलोन क्यान्सरका लागि रूसी खोप प्रयोगका लागि तयार : रिपोर्ट

मस्को, २२ भदौ (रासस/एएनआई) ।

रुसले विकास गरेको क्यान्सर खोपले प्रिक्लिनिकल परीक्षण सफलतापूर्वक सम्पन्न गरेको छ । यसले सुरक्षा र उच्च प्रभावकारिता दुवै देखाएको छ । फेडरल मेडिकल र जैविक एजेन्सी (एफएमबिए) की प्रमुख भेरोनिका स्क्वोर्टसोभाले यो घोषणा पूर्वी आर्थिक फोरम (इइएफ) मा गर्नुभएको हो ।

"यो अनुसन्धान धेरै वर्षसम्म फैलिएको थियो, यसको अन्तिम चरण अनिवार्य तीन प्रिक्लिनिकल अध्ययनका लागि समर्पित थियो", तास समाचार एजेन्सीले स्क्वोर्टसोभाको भनाइ उद्धृत गर्दै भनेको छ, "खोप अब प्रयोगका लागि तयार छ; हामी आधिकारिक स्वीकृतिको प्रतीक्षामा छौँ ।"

उहाँका अनुसार, प्रिक्लिनिकल नतिजाले बारम्बार प्रशासित हुँदा पनि खोप सुरक्षित र प्रभावकारी रहेको पुष्टि गरेको छ । अनुसन्धानकर्ताहरूले ट्युमरको आकार घटेको र ट्युमरको प्रगति सुस्त भएको देखेका छन्, जसको प्रभाव दर रोगको प्रकृतिअनुसार ६० देखि ८० प्रतिशतसम्म रहेको छ । साथै, खोप प्रयोगपछि बाँच्ने दरमा पनि वृद्धि भएको सङ्केत गरिएको छ ।

यस खोपको पहिलो लक्ष्य कोलोरेक्टल (कोलोन) क्यान्सर हुनेछ । यससँगै ग्लियोब्लास्टोमा र ओकुलर मेलानोमा लगायतका विशेष प्रकारका मेलानोमाका लागि पनि खोप विकासमा उल्लेखनीय प्रगति भइरहेको स्क्वोर्टसोभाले बताउनुभयो । यी खोपहरू अहिले विकासको उन्नत चरणमा पुगेका छन् । दशौं पूर्वी आर्थिक फोरम सेप्टेम्बर ३ देखि ६ सम्म भ्लाडिभोस्टकमा 'सुदूर पूर्व : शान्ति र समृद्धिका लागि सहयोग' भन्ने विषयवस्तुमा सम्पन्न भएको थियो । कार्यक्रममा सात ट्र्याकअन्तर्गत एक सयभन्दा बढी सत्रहरू आयोजना गरिएका थिए, जसमा ७५ भन्दा बढी देश र क्षेत्रका करिब आठ हजार चार सय सहभागी उपस्थित थिए ।

सामान्यतया, खोपहरू दादुरा खसरा वा चिकनपक्सजस्ता सङ्क्रमण रोक्न प्रयोग गरिन्छन् यी खोपहरूले प्रतिरक्षा प्रणालीलाई हानिकारक कीटाणु पहिचान र प्रतिक्रिया गर्न प्रशिक्षण दिन्छन् तर केही खोपहरू विशेष गरी क्यान्सर कोषहरू पहिचान गरी लक्षित गर्न प्रतिरक्षा प्रणालीलाई सहयोग गर्ने उद्देश्यले बनाइएका हुन्छन् ।

हाल क्यान्सर खोपहरू केही प्रोस्टेट र मूत्राशय क्यान्सरका उपचारका लागि उपलब्ध छन् भने अमेरिकन क्यान्सर सोसाइटीका अनुसार थप अनुसन्धानहरू जारी छन् । क्यान्सर खोपहरू प्रयोगशालामा तयार पारिएका पदार्थहरू हुन् जसले शरीरको प्राकृतिक प्रतिरक्षा संयन्त्रलाई बलियो बनाइदिन्छन् । खोपको प्रकारअनुसार केही क्यान्सर उपचारका लागि प्रयोग गरिन्छ भने केही क्यान्सर रोकथामका लागि, जस्तै एचपिभी (मानव प्यापिलोमा भाइरस) खोप ।

# निजामती विधेयक छिट्टै पारित हुन्छ : उपप्रधानमन्त्री सिंह

काठमाडौँ, २२ भदौ (रासस)।

उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले सङ्घीय निजामती सेवासम्बन्धी विधेयकलाई सङ्घीय संसद्बाट यथाशक्य छिटो पारित गराई कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

निजामती सेवा दिवस-२०८२ का अवसरमा निजामती सेवा दिवस मूल समारोह समितिले यहाँ आइतबार आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, “तहगत प्रशासनिक अन्तर सम्बन्धलाई बलियो बनाउँदै प्रशासनिक सङ्घीयतालाई सुदृढ तुल्याउन कोशेढुङ्गाका रुपमा अपेक्षा गरिएको सङ्घीय निजामती सेवासम्बन्धी विधेयकलाई सङ्घीय संसद्बाट यथाशक्य छिटो पारित गराई कार्यान्वयन गराउनेतर्फ सरकार प्रतिबद्ध रहेको छ।” उहाँले आमकर्मचारीको माग र भावनालाई समावेश गरी राजनीतिक दलहरुको सहमतिबाट संसद्ले निजामती विधेयक पारित गर्ने विश्वास व्यक्त गर्नुभयो। एकताबद्ध हुँदै विकास, समृद्धि र सुशासनको मार्गमा अग्रसर हुन र व्यावसायिक तथा सिर्जनशील प्रशासनमा लाग्न राष्ट्रसेवक निजामती कर्मचारी प्रतिबद्ध हुनुपर्ने उहाँको भनाइ छ।

उहाँले भन्नुभयो, “शासन व्यवस्थाको मेरुदण्डका रुपमा रहेको निजामती सेवा राष्ट्र निर्माणको एक अभिन्न अङ्ग हो, विकास, सुशासन र सेवा प्रवाहलाई प्रधावकारी रुपमा कार्यान्वयन गर्ने दायित्व पनि निजामती सेवाकै काँधमा रहेको छ।”

उपप्रधानमन्त्री सिंहले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै लोकतन्त्रका लाभहरुको वितरण गर्ने तथा राज्यप्रति नागरिकको भरोसा र विश्वास अभिवृद्धि गर्न निजामती सेवाको भूमिका अति महत्वपूर्ण हुने पनि बताउनुभयो।

उहाँले नागरिकले विकास र सुशासनको अपेक्षा गरिरहेका सन्दर्भमा निजामती सेवाले त्यसअनुरुप आफ्ना लागि समायोजन, अनुकूलन र परिस्कृत गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले भन्नुभयो, “सेवाग्राहीलाई केन्द्रमा राखेर सरल, छरितो र परिणाममुखी सेवा प्रवाह गर्न निजामती कर्मचारी अझ प्रतिबद्ध हुनुपर्छ।”

‘समृद्ध नेपालः सुखी नेपाली’ को दीर्घकालीन लक्ष्य हासिल गर्न निजामती प्रशासनले राजनीतिक मार्गदर्शनमा रही आफ्नो भूमिका बहन गर्नुपर्ने उपप्रधानमन्त्री सिंहको भनाइ छ।

मुलुकले लिएको दीर्घकालीन लक्ष्य, आवधिक योजना, सरकारको नीति तथा कार्यक्रमका साथै चालु आर्थिक वर्षको बजेटलाई केन्द्रमा राखेर कार्यसम्पादन गर्ने निजामती सेवाको मुख्य जिम्मेवारी भएको उल्लेख गर्दै उहाँले नेपालको संविधानको मर्म र भावनालाई आत्मसात गरी सङ्घीयताको प्रभावकारी कार्यान्वयन, सार्वजनिक सेवा प्रवाहमा सुधार र भ्रष्टाचार शून्य सहनशीलताको नीतिलाई केन्द्रमा राखी सरकार अगाडि बढिरहेको बताउनुभयो।

“आमजनतामा व्याप्त निराशालाई चिर्दै आशाको सञ्चारसहित राष्ट्र निर्माणको अभियानमा निजामती कर्मचारीको क्रियाशीलता थप अभिवृद्धि हुने विश्वास मैले लिएको छु”, उहाँले भन्नुभयो।

# देशलाई हेपेको सहन सकिँदैन : प्रधानमन्त्री ओली

ललितपुर, २२ भदौ (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले अरु जुनसुकै कुरा सहिन्छ तर देशलाई हेपेको सहन नसकिने बताउनुभएको छ।

ललितपुरको गोदावरीस्थित सनराइज सम्मेलन केन्द्रमा शुक्रबारदेखि जारी एमालेको विधान महाधिवेशनको अन्तिम दिन आइतबार प्रतिनिधिलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले बेथिति र हेपाहा प्रवृत्तिका सदैव विरोधमा उत्रने र देशलाई हेपेको कदापि नसहन बताउनुभयो।

“राष्ट्रियता कविता हैन, छन्द हैन, क्षणिक स्वार्थ हैन, हामी वाक स्वतन्त्रता र राष्ट्रिय स्वाभिमानका लागि बलिदान दिएर आएका शक्ति हौँ, सामाजिक सञ्जालका विरुद्धमा नेकपा एमाले छैन, नेपालमा व्यवसाय गरेर पैसा कमाउने तर कानुनबमोजिम नबस्ने कुरा सह्य हुँदैन। अहिले केही मान्छेहरु विरोधमात्रै गर्ने पात्र पुतलीजस्ता भएका छन्”, प्रधानमन्त्री ओलीले भन्नुभयो।

“कहलिएका बुद्धिजीवीहरुको चिन्तन नै स्वतन्त्र छैन, आफूलाई ठूलो बुद्धिजीवी भन्नेहरूले कस्ता कुराबाट समाजलाई प्रभावित गर्न खोजेका छन् भन्ने देखिएकै छ। पछिल्लो समयमा ‘जेनजी’ पुस्ताका नाममा समाजलाई भड्काउन खोजिएको छ, तर ‘जेनजी’ पुस्ता देशलाई माया गर्छ”, उहाँले भन्नुभयो।

सरकारले एक वर्षअघिदेखि सामाजिक सञ्जाललाई दर्ता गर्न भनेको स्मरण गर्दै उहाँले भन्नुभयो, “अहिले चार जना मानिसको रोजगारी खोसिएकोभन्दा देशको स्वाधीनता ठूलो हो, देशको कानुन नमान्ने, संविधान नमान्ने, राष्ट्रिय स्वाभिमान र स्वतन्त्रता, सार्वभौमसत्ताको कुरालाई नमान्ने पनि कहीँ हुन्छ, स्वाधीनता स्वाभिमानबाट प्राप्त हुन्छ, स्वाभिमानबाट स्वतन्त्रता प्राप्त हुन्छ”, अध्यक्ष ओलीले भन्नुभयो।

उहाँले असमानता कम गर्दै विभेद्लाई अन्त्य गर्ने पार्टीको नीति रहेको उल्लेख गर्दै छलफलसहित प्राप्त नीतिलाई अङ्गीकार गर्दै ‘मिसन ८४’ को अभिभारा पूरा गर्नेगरी पार्टी अघि बढिरहेको स्पष्ट गर्नुभयो।

# एमालेको नेतृत्वमा अध्यक्ष ओलीको विकल्प नभएको प्रतिवेदन पेस

ललितपुर, २२ भदौ (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)को भावी नेतृत्वमा अध्यक्ष केपी शर्मा ओलीको विकल्प नभएको प्रतिवेदन पेस गरिएको छ।

ललितपुरमा जारी पार्टीको दोस्रो विधान महाधिवेशनमा विभिन्न समूहको छलफलका क्रममा नेताहरुले पार्टी नेतृत्वमा अध्यक्ष ओलीको विकल्प नभएको बताउनुभएको एमालेका प्रचार तथा प्रकाशन विभागका प्रमुख तथा स्थायी कमिटी सदस्य राजेन्द्र गौतमले बताउनुभयो।

महाधिवेशनको तेस्रो दिन समूहगत छलफलका क्रममा नेताहरुबाट व्यक्त भएका भनाइका सम्बन्धमा केही सञ्चारमाध्यमले गलत सूचना प्रवाह गरेको उहाँको भनाइ थियो। उहाँले विधान संशोधनको मुख्य विषय उमेर हद र दुई कार्यकालको विषयमा केही सञ्चारमाध्यमले गलत सूचना प्रवाह गरेको पनि दाबी गर्नुभयो।

“सात भूगोल र तीन गैर भूगोल समूहका नेताहरुले छलफलमा उठेका विषयलाई समावेश गरी बन्दसत्रमा प्रतिवेदन पेस गरिसक्नुभयो। दशवटै समूह नेताहरुले राष्ट्रपति, उपराष्ट्रपति मात्रै होइन संवैधानिक नियुक्ति पाइसकेका व्यक्ति पार्टीमा फर्कन नपाउने व्यवस्था विधानमै गर्न सुझाव दिनुभएको छ”, उहाँले भन्नुभयो।

सुदूरपश्चिम प्रदेश कमिटी अध्यक्ष कृष्णप्रसाद जैशी, कर्णाली प्रदेशका अध्यक्ष तथा समूहगतका नेता गुलाबजंग शाह, लुम्बिनी प्रदेश अध्यक्ष तथा समूहगतका नेता राधाकृष्ण कँडेल, गौतमका अनुसार गण्डकी प्रदेशका उपाध्यक्ष तथा समूहगत नेता मीनप्रसाद गुरुङ, बागमती प्रदेशका अध्यक्ष तथा समूहगत नेता कैलाश ढुंगेल, मधेस प्रदेशका अध्यक्ष तथा समूहगत नेता चन्द्रेश्वर मण्डल, कोशी प्रदेशका अध्यक्ष तथा समूहगत नेता घनश्याम खतिवडा, गैर भूगोलका शिव अधिकारी, चुडामणि जंगली र भक्त गुरूङले आ-आफ्नो प्रतिवेदन पेस गर्नुभएको प्रचार विभाग प्रमुख गौतमले जानकारी दिनुभयो।

# सामाजिक सञ्जाल नियमन गर्ने कार्य सकारात्मकः क्यान महासंघ

काठमाडौँ, २२ भदौ (रासस)।

सूचना प्रविधिको क्षेत्रको अग्रणी संस्था कम्प्युटर एसोसिएसन नेपाल महासङ्घ (क्यान महासङ्घ)ले सामाजिक सञ्जाललाई सूचीकरणमार्फत नियमन गर्ने सरकारको मूल उद्देश्यप्रति समर्थन जनाएको छ। महासङ्घले कानुनी दायरामा ल्याउने पहल सकारात्मक भए पनि निष्क्रिय बनाउने कार्यका कारण ल्याउन सक्ने असरप्रति सचेत रहन आग्रह गरेको छ।

नेपालमा सूचीकरण नभएकै कारण अपराध, गलत सूचना र व्यक्तिगत सुरक्षासम्बन्धी समस्यामा औपचारिक सम्पर्क कार्यालय नहुनु चुनौती भएको महासङ्घले जनाएको छ।

“सामाजिक सञ्जाल दर्ता प्रक्रियामा ल्याउने सरकारको निर्णयलाई हामी सकारात्मक रूपमा लिन्छौँ। यसले प्रयोगकर्ताको सुरक्षामा टेवा पुग्नेछ, साइबर अपराध नियन्त्रण र राजस्व वृद्धिमा योगदान गर्नेछ। तर फेसबुक, एक्स, युट्युबजस्ता महत्त्वपूर्ण प्लेटफर्महरू एकैपटक बन्द गर्दा शिक्षा, व्यवसाय, सञ्चार र आमनागरिकको दैनिकीमा गम्भीर असर पर्न सक्छ”, महासङ्घकी अध्यक्ष सुनैना घिमिरे पाण्डेले भन्नुभयो। यो घटनाले नेपाल विश्वसँग डिजिटल रूपमा पछाडि पर्न सक्ने जोखिम पनि उत्तिकै रहेको भन्दै अध्यक्ष पाण्डेले यस्तो कदमलाई चरणबद्ध रूपमा अघि बढाउँदै सरोकारवालासँग पर्याप्त छलफल गरेर व्यावहारिक समाधान ल्याउनुपर्नेमा जोड दिनुभयो।

महासङ्घका अनुसार नेपालमा करिब ७० प्रतिशत साना तथा मझौला व्यवसाय सामाजिक सञ्जालमार्फत बजार विस्तार र ग्राहक सम्पर्कमा निर्भर छन्। त्यस्तै, सामाजिक सञ्जालमार्फत कन्टेन्ट राखेर आयआर्जन गर्ने ठूलो सङ्ख्यामा प्रयोगकर्ता रहेका कारण प्रतिबन्धले रोजगारी गुम्ने र व्यवसाय धरासायी हुने खतरा देखिएको छ। वैदेशिक रोजगारीमा रहेका नेपालीले परिवारसँग सम्पर्क गर्ने प्रमुख माध्यम रोकिँदा सामाजिक सम्बन्ध र मानसिक स्वास्थ्यमा नकारात्मक असर पर्ने पनि महासङ्घले जनाएको छ।

अध्यक्ष पाण्डेले सामाजिक सञ्जाल निष्क्रिय गराउने कार्यलाई अन्तिम समाधानका रूपमा नलिई नियमनलाई दीर्घकालीन रणनीति बनाउनुपर्नेमा जोड दिनुभयो। महासङ्घले स्पष्ट कानुनी ढाँचा तयार पार्दै नेपालमा सम्पर्क विन्दु अनिवार्य गर्ने र लगानीमैत्री वातावरण निर्माण गर्न सकेमात्र यो समस्याको दीर्घकालीन समाधान सम्भव हुने उल्लेख गरेको छ।

क्यान महासङ्घका महासचिव चन्द्रविलास भुर्तेलले सामाजिक सञ्जाल बन्द भएमा भिपीएन र ओपन डिएनएसको प्रयोग अत्यधिक बढ्ने र यसले साइबर सुरक्षामा गम्भीर जोखिम निम्त्याउने धारणा राख्नुभयो। महासङ्घले अन्तरराष्ट्रिय अभ्यासलाई आधार बनाउँदै नेपालले पनि व्यवस्थित र व्यावहारिक कानुनी संरचना बनाउनुपर्नेमा जोड दिएको छ।

सन्तुलित नियमनमार्फत मात्र सामाजिक सञ्जाललाई व्यवस्थित र सुरक्षित बनाउन सकिनेमा क्यान महासङ्घले जोड दिएको छ। यस विषयमा जिम्मेवार निजी क्षेत्रको हैसियतमा सरकारसँग प्राविधिक अध्ययनमा सहयोग गर्ने, अन्तरराष्ट्रिय अभ्यास साझा गर्ने र सरोकारवालासँग निरन्तर संवाद गर्ने प्रतिबद्धतासमेत महासङ्घले जनाएको छ।


# विद्यालय गएका बालक चार दिनदेखि बेपत्ता

महोत्तरी, २२ भदौ (रासस)।

महोत्तरीको बर्दिवासमा घरबाट विद्यालय पढ्न हिँडेका एक बालक विगत चार दिनदेखि बेपत्ता रहेका छन्।

बर्दिवास नगरपालिका-१२ मा अवस्थित जनता माध्यमिक विद्यालय डाँडाटोलमा कक्षा ६ मा पढ्दै गरेका स्थानीय १३ वर्षीय बालक गौतम पासवान गत बिहीबार घरबाट साइकलमा चढेर पढ्न विद्यालय गएकामा उनी अहिलेसम्म घरफर्केर नआएको निजका काका प्रमोद पासवानले बताउनुभयो।

गौतम बेपत्ता भएपछि परिवारजनले प्रहरीचौकी हात्तीलेटमा खोजीका लागि निवेदन दिएका छन्। इलाका प्रहरी कार्यालय बर्दिवासका प्रमुख एवं प्रहरी नायब उपरीक्षक प्रकाश बमले पीडित परिवारले प्रहरी चौकीमा बालक खोजतलासका लागि दिएको निवेदनपश्चात् तुरुन्तै सक्रिय भएको प्रहरी टोलीले बालक गौतमको खोजतलास गरिरहेको बताउनुभयो।




**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*